# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवातथा खेलकुद शाखा खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. (शिक्षा प्रशासन)/०७७/७८ मितिः २०७८/०२/२५
च.नं.: ८६

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै ।

विषय: विद्यार्थीको आन्तरिक मूल्याङ्कन र विद्यार्थी भर्ना सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा हाल विश्वव्यापी रुपमा फैलिरहेको COVID-19 अर्थात कोरोना भाइरसको दोस्रो भेरियन्टको संक्रमणको जोखिमका कारणले विद्यालयमा विद्यार्थीहरुको भौतिक रुपमा उपस्थिति गराई औपचारिक तरिकाले मूल्याङ्कन गर्न नसकिने साथै यो विषम परिस्थितमा विद्यार्थीको शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न र  शैक्षिक वर्ष ह्रास हुन बाट रोक्नका लागि चालु शैक्षिक शत्र २०७८ मा बालबालिकाहरुको प्रभावकारी र व्यस्थित रुपमा  कक्षान्नोति हुने नियमित प्रक्रियालाई एकरुपता,स्तरीयता,प्रमाणिकरण र निरन्तरता दिनका लागि भूमे गाउपालिकाबाट स्वीकृत **"विद्यार्थीको आन्तरिक मुल्याङ्कन निर्देशिका,२०७८"** बमोजिम गर्ने/गराउने निर्णय भएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन यसै साथ संलग्न राखी सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै,नयाँ शैक्षिक शत्रको विद्यार्थी भर्ना  प्रक्रिया उपयुक्त विकल्पहरुको माध्यमबाट स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डको परिपालना गरी गर्न/ गराउन अनुरोध छ।

नोट: **"विद्यार्थीको आन्तरिक मुल्याङ्कन निर्देशिका,२०७८"** भूमे गाउँपालिकाको वेवसाइट:**www.bhumemun.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

**बोधार्थ:**
श्री सूचना तथा अभिलेख केन्द्र : वेवसाइटमा अपलोड गर्नु हुन ।

२०७८/२/२५
कोशल कुमार तिवारी
शिक्षा अधिकृत/शाखा प्रमुख